# पुर्चौंडी नगरपालिकाको
# स्थानीय राजपत्र प्रकाशन कार्यबिधि
# २०७५

## पुर्चौडी नगरपालिका
## हाट,बैतडी

पुर्चौंडी नगरपालिकाको
स्थानीय राजपत्र प्रकाशन कार्यबिधि २०७५

# स्थानीय राजपत्र प्रकाशन कार्यविधि २०७५

# पुर्चौंडी नगरपालिका ,बैतडी

कार्यपालिकाबाट स्वीकृतिमिति:२०७५।०२।२०

**प्रस्तावना**

नेपालको संबिधानको अनुसुची ८,९ मा उल्लेख भएका सुची अन्तरगतका विषयमा तथा कानुन बमोजिम स्थानिय तहबाट निर्माण गरिएका कानुन, नियम ,निर्देशिका, कार्यविधि आदि राजपत्रबाट प्रकाशन गर्नु पर्ने व्यवस्था भए बमोजिम स्थानिय सरकार सञ्चालन ऐन ,२०७४ को दफा १०२ ले दिएकोृ अधिकार प्रयोग गरि प्रदेश नं. ७ अन्तर्गत पुर्चौंडी नगरकार्यपलिका हाट ,बैतडीले स्थानीय राजपत्र प्रकाशन कार्यविधि २०७४ बनाएको छ ।

**१.नाम:** यस कार्यविधि को नाम स्थानीय राजपत्र प्रकाशन कार्यविधि,२०७४ पुर्चौंडी नगरपालिका रहने छ ।

**२.परिभाषा:** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा,

**क. कार्यविधि** भन्नाले स्थानीय राजपत्र प्रकाशन कार्यविधि,२०७४ लाई बुझाउने छ ।

**ख.सम्पादक** भन्नाले स्थानीय तह राजपत्र प्रकाशन गर्ने जिम्मेबारी तोकिएको अधिकारीलाई बुझाउने छ ।

**ग. प्रधान सम्पादक** भन्नाले स्थानीय तह राजपत्र संम्पादन गर्न अख्तीयारी प्रदान गरिएको प्रमुख व्यक्तीलाई बुझाउने छ ।

**घ.सल्लाहकार** भन्नाले राजपत्र प्रकाशन गर्न विविध बिषयमा सल्लाह दिन तोकीएको अधिकारी लाई बुझाउने छ ।

**३.प्रारम्भ** : यो कार्यविधि नगरकार्यपालिकाको बैठकबाट पारित भई नगर प्रमुखले प्रमाणित गरेको मितिबाट लागु हुनेछ ।

**४.सम्पादकको योग्यता:** राजपत्रको सम्पादनको कार्य जिम्मेबारी पुरा गर्न देहायको योग्यता भएको व्यक्ती सम्पादकको रुपमा नियुक्त हुन सक्नेछ । सम्पादकको नियुक्ती प्रमुख प्रशासकीय अधिकृतको सिफारिशमा नगर प्रमुखबाट हुनेछ ।यसरी नियुक्त नहुदा सम्म नगरपालिकामा कार्यरत कुनै कर्मचारी लाइ नगर प्रमुखले तोक्न सक्नेछ ।

क.कम्प्युटर सम्बन्धी राम्रो ज्ञान भएको, अंग्रेजी र नेपालीमा शुद्ध टाइप गर्न सक्ने ,

ख.कम्तीमा १२ कक्षा उत्तीर्ण गरेको ,

ग. स्पष्ट दृष्टी (भिजन)भएको,

घ.इमानदार र नैतिकवान

**५.प्रधान सम्पादक** :स्थानीय राजपत्रको प्रधान सम्पादक प्रमुख प्रशासकीय अधिकृत हुनेछ ।

**६.सल्लाहकार** :राजपत्रको सल्लाहकारको रुपमा उपप्रमुख रहनेछ ।

**७.संरक्षक** : राजपत्रको प्रमुख संरक्षकको रुपमा नगर प्रमुख रहनेछ ।राजपत्र प्रकाशन, वितरण र संरक्षणको दायित्व नगर प्रमुखको हुनेछ ।

८.राजपत्र प्रकाशन विधि रतरिका :

क. राजपत्र प्रकाशन स्थानीय तहको आधिकारिक पत्रिकाको रुपमा हुनेछ ।

ख. यसमा प्रकाशन भएका बिषय पुर्चौंडी नगरपालिकाको आधिकारिक दस्तावेजको रुपमा हुनेछ ।

ग. राजपत्र समान्यतया ६।६ महिनामा प्रकाशन गरिनेछ । बिशेष परिस्थीतिमा आवश्यक्ता अनुसार प्रकाशन गर्न सकिनेछ ।

**९.राजपत्र संरक्षण र प्रशारण** :

क.राजपत्र स्थानीय सरकारको कानुनी पत्रिका हुनेछ ।स्थानीय सरकारले तयार गरेका ऐन , नियम निर्देशिका, कार्यविधिहरु यसमा प्रकाशित गरिने छ । राजपत्रमा प्रकाशन भएको कुरा नगरपालिकाले सर्वसाधारणको जानकारीको लागिविभिन्न संचार माध्यमबाट  प्रसारण गर्नेछ । जसका लागि नगरपालिकाको सुचना पाटी,ईमेल,ईन्टरनेट,वेबसाइट प्रयोग गर्न सकिनेछ ।

ख.प्रकाशन भएको राजपत्र  जिल्ला समन्वय समिति, प्रदेश सभा र संघीय संसदमा पठाइने छ ।

ग. प्रकाशित राजपत्रको प्रत्येक अंक फायल फायल खडा गरी सुरक्षित साथ राख्ने व्यवस्था मिलाइने छ ।

**१०. स्थानीय राजपत्रका भागहरु** :

क. भाग १, यसमा ऐनहरु प्रकाशित गरिनेछ ।

ख. भाग २, यसमा नियमावली प्रकाशित गरिनेछ  ।

ग. भाग ३, यसमा विनियम , निर्देशिका, कार्यविधि  प्रकाशित गरिनेछ ।

घ. भाग ४, यसमा सूचना ,आदेश  तथा राजपत्रमा प्रकाशन गर्ने भनि निर्णय भएका बिषयहरु ।

**११.छाप र लोगो** : स्थानीय राजपत्रमा नेपाल सरकारले तोकेको स्थानिय तहको छाप र लोगो लाई नै प्रयोग गरिनेछ

**१२. मसीको रंग प्रयोग**  : स्थानीय राजपत्रको छाप रलोगोमा रातो मसी र बाँकी छपाइमा  कालो मसीको प्रयोग गरिनेछ ।

**१३. कागजको प्रयोग** :राजपत्र प्रकाशनमा सामान्यतया कागजको गणस्तर तोकीने छैन । तर महत्वपूर्ण बिषयको छपाई र तिनको दिर्धकालीन संरक्षणको दायित्व समेतलाई मध्यनजर गरि उच्च गुणस्तरको कागज प्रयोगमा ल्याउन सकिने छ ।

**१४.शुल्क नलाग्ने** : राजपत्र शुल्क लिएर बिकी बितरण गरिने छैन । नगरपालिका क्षेत्रका बिषयगत कार्यालयहरुमा निशुल्क बितरण गरिने छ । तर स्थानीय तहले  निर्णय गरेका  निति नियम निर्देशिकाहरु आम जनता सम्म पुर्याउन नगरपालिकाले अलग छपाइ शुल्क निर्धारण गरि  बितरण गर्न बाधा पर्ने छैन ।